सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) अनुसारको प्रयोजनको लागि राष्ट्रिय दलित आयोगसँग सम्बन्धित २०८३ साल साउनदेखि असोज मसान्तसम्मका विवरणहरु उपदफा (४) बमोजिम अद्यावधिक गरी प्रकाशन गरिएको छ ।

१. आयोगको स्वरुप र प्रकृति :- राष्ट्रिय दलित आयोग २०५८ सालमा गठन भई दलित समुदायको मानव अधिकार संरक्षण र सशक्तीकरण सम्बन्धी कार्य गर्दै आएकोमा नेपालको संविधान जारी हुँदा आयोगले संवैधानिक निकायको हैसियत ग्रहण गरेको हो । नेपालको संविधानको धारा २५५ मा राष्ट्रिय दलित आयोगको गठन र धारा २५६ मा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गरिएको छ । यस आयोगमा एक अध्यक्ष र अन्य चार जना सदस्य रहने व्यवस्था रहेको छ । सम्माननीय राष्ट्रपतिबाट संवैधानिक परिषदको सिफारिसमा राष्ट्रिय दलित अयोगका अध्यक्ष र सदस्यको नियुक्ति हुने एवं अध्यक्ष तथा सदस्यको पदावधि नियुक्ति भएको मितिले ६ वर्षको हुने व्यवस्था रहेको छ । आयोगको कार्यक्षेत्र अन्तर्गत दलित समुदायको समग्र स्थितिको अध्ययन तथा अन्वेषण गरी नीतिगत, कानूनी र संस्थागत सुधारका विषय पहिचान गरी नेपाल सरकारलाई सिफारिस गर्ने र जातीय छुवाछूत तथा विभेदको अन्त्य गर्न तर्जुमा भएका नीति तथा कार्यक्रम एवं दलित हितसँग सम्बन्धित कानून एवं कार्यक्रम कार्यान्वयन भए नभएको अनुगमन र मूल्यांकन गर्ने संवैधानिक र कानूनी व्यवस्था छ । दलित समुदायको सम्वन्धमा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपालले पठाउनु पर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने । समाजिक सन्जाल, अनलाइन मिडिया तथा पत्रपत्रिका मार्फत प्राप्त सूचना तथा जानकारी र प्राप्त उजुरी, निवेदनहरु संकलन, विश्लेषण, आयोगमा पेश र दर्ता, निर्देशन र निर्णय बमोजिम राष्ट्रिय दलित आयोग ऐनमा भएको व्यवस्था अनुसार सम्बन्धित निकायलाई कारबाहीका लागि पत्राचार गर्ने ।जातीय हिंसा तथा घटनाको गाम्भीर्यतालाई मध्यनजर गरी नेपाल सरकार गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालय, महान्यायधिवक्ताको कार्यालय, जिल्ला प्रशासन कार्यालयसँग समन्वय, छलफल, जानकारी र आयोगबाट स्थलगत अनुगमन समेत गर्ने कार्य आयोगको कार्य क्षेत्रभित्र पर्दछ ।

(क) आयोगको काम, कर्तव्य र अधिकार :-

१. **नेपालको संविधानको धारा २५६ मा उल्लेख भए अनुसारः**

- दलित समुदायको समग्र स्थितिको अध्ययन तथा अन्वेषण गरी तत्सम्बन्धमा गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषय पहिचान गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

- जातीय छुवाछूत, उत्पीडन र विभेदको अन्त्य गरी दलित उत्थान र विकासका लागि दलित हितसँग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने,
- दलित समुदायको उत्थान तथा हितमा भएका विशेष व्यवस्था लगायत दलित हितसँग सम्बन्धित कानूनको प्रभावकारी रुपमा पालना भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यान्वयन नभएको भए सोको पालना वा कार्यान्वयनका लागि नेपाल सरकारलाई सुझाव दिने,
- दलित समुदायको अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,
- दलित समुदायलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न तथा राज्यका सबै अंगहरूमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,
- जातीय भेदभाव तथा छूवाछूत वा सामाजिक कुरीतिबाट पीडित भएको वा दलितको हक प्रयोग गर्न नदिएको कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नु पर्ने आवश्यकता देखिएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने ।

२. राष्ट्रिय दलित आयोग ऐन, २०७४ को दफा ३ मा उल्लेख भए अनुसार :

- दलित समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन र मूल्याङ्कन गर्ने,
- दलित समुदायको हक, हितको संरक्षण र सम्वर्द्धन तथा सो समुदायको सशक्तीकरणका लागि दलितसँग सम्बन्धित प्रचलित कानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानूनमा गर्नु पर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्ने,
- दलित समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा सो समुदायको सशक्तीकरणका सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्ने,
- कुनै जात, जाति वा उत्पत्तिमा व्यक्ति वा समुदायको उच निच दर्शाउने, जात, जातिको आधारमा सामाजिक विभेद न्यायोचित ठहराउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचार, व्यवहार, अभ्यास वा जातीय भेदभाव, छुवाछूत वा सामाजिक कुरीति विरुद्ध सामाजिक सचेतना अभिवृद्धि गर्ने र त्यास्तो कार्यका लागि प्रचार प्रसार सामग्री तयार गरी वितरण गर्ने,
- दलित समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि आवश्यक सूचना, जानकारी एवं चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,

- दलित समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि-सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाव दिने,
- दलित समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,
- दलित समुदायको हक हितको संरक्षण, सम्वर्द्धन र सशक्तीकरणका लागि नेपाल सरकार र अन्य संघ संस्थाहरुले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरुको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने,
- आयोगले गरेको सिफारिसको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने, गराउने,
- अध्यक्ष, सदस्य तथा आयोगका कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने वा गराउने,
- आयोगको वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।

(ख) आयोगको संगठन संरचना :-



अध्यक्ष
सदस्य
सदस्य
सदस्य
सदस्य
सचिव
(रा.प.प्र./प्रशासन)-१
प्रशासन योजना तथा अनुगमन शाखा
उ.स. रा.प. द्वितीय (प्र./सा.प्र) -१
शा.अ. रा.प.तृतीय (प्र./सा.प्र.)-१
लेखापाल रा.प.अनं.प्रथम (प्र./ले.)-१
ना.सु. रा.प.अनं. प्रथम (प्र./सा.प्र.) -१
कम्प्यूटर अपरेटर रा.प.अनं.प्रथम (विविध) -१
ह.स.चा. श्रेणीविहिन (ईन्जि/मे/ज.मे)-२
कार्यालय सहयोगी श्रेणीविहिन (प्र./सा.प्र.)-३
अधिकार प्रबर्धन तथा सशक्तीकरण शाखा
शा.अ. रा.प.तृतीय (प्र./सा.प्र.)-१
ना.सु. रा.प.अनं.प्रथम (प्र./सा.प्र.)-१

ग.) दरबन्दी तेरिज (श्रेणी अनुसार)

सि.नं.	पद	श्रेणी	सेवा	समूह/ उपसमुह	स्वीकृत दरबन्दी	पूर्ति	रिक्त	कैफियत
१	सचिव	रा.प. प्रथम	नेपाल प्रशासन	-	१	१	०	
२	उप-सचिव	रा.प. द्वितीय	नेपाल प्रशासन	सामान्य प्रशासन	१	१	०	
३	शाखा अधिकृत	रा.प. तृतीय	नेपाल प्रशासन	सामान्य प्रशासन	२	२	०	
४	नायब सुब्बा	रा.प.अनं. प्रथम	नेपाल प्रशासन	सामान्य प्रशासन	२	२	०	
५	लेखापाल	रा.प.अनं. प्रथम	नेपाल प्रशासन	लेखा	१	१	०	
६	कम्प्यूटर अपरेटर	रा.प.अनं. प्रथम	विविध	-	१	१	०	
७	ह.स.चा.	श्रेणी विहिन	-	-	२	२	०	सेवा करार
८	का.स.	श्रेणी विहिन	-	-	३	३	०	सेवा करार
	जम्मा				१३	१३	०	

घ) निकायबाट प्रदान गरिने सेवा

१. थर सूचीकरण सम्बन्धी कार्यः राष्ट्रिय दलित आयोग ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम दलित समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने महत्वपूर्ण कार्य रहेको ।

२. जातीय भेदभाव तथा छुवाछुत वा सामाजिक कुरीतिबाट पीडित भएको वा दलितको हक प्रयोग गर्न नदिएको कुनै व्यक्ति वा संस्था विरुद्ध राष्ट्रिय दलित आयोग ऐन अनुसार प्राप्त उजुरी दर्ता गर्ने, उजुरी उपर छानवीन गर्ने वा गराउने ।

३. नेपालको संविधान तथा अन्य प्रचलित कानूनी व्यवस्था बमोजिम दलित समुदायका लागि भएका व्यवस्थाहरु(सेवा सुविधाहरु, राज्यका संयन्त्रहरुमा प्रतिनिधित्व लगायत)को उपयोगबाट वञ्चितमा परेका व्यक्तिहरुको हक, अधिकार सुनिश्चितताका लागि पहलकदमी गर्ने ।
४. दलित समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन र मूल्याङ्कन गर्ने ।
५. दलित समुदायमाथि भएका जातीय विभेद लगायतका घटनाहरुको आवश्यकता अनुसार स्थलगत रुपमा अनुगमन गर्ने ।
६. दलित समुदायको हक, अधिकारको कार्यान्वयन एवम् विभेदका घटनाहरुको न्यूनीकरणका लागि सरोकारवाला निकायहरुसँग अन्तर्क्रिया, समन्वय र सहकार्य गर्ने ।
७. दलित समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि आवश्यक सूचना, जानकारी एवं चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।

ङ) सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी

१. दलित समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरण सम्बन्धी कार्य अधिकार प्रबर्धन तथा सशक्तीकरण शाखाबाट र अन्य प्रशासनिक कार्यहरु प्रशासन योजना तथा अनुगमन शाखाबाट सम्पादन हुने ।

२.जिम्मेवार पदाधिकारीः माननीय अध्यक्ष, माननीय सदस्यहरु, सचिव, उपसचिव, अधिकार प्रवर्द्धन तथा सशक्तिकरण शाखा प्रमुख लगायतका कर्मचारीहरु।

च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

१. विषयवस्तुको प्रकृति र गाम्भीर्यता अनुसार सेवाग्राहीलाई प्रदान गरिने सेवा निःशुल्क रुपमा कम्तिमा १ दिनदेखि बढीमा सातदिन भित्र आयोगको क्षेत्राधिकार भित्र पर्ने कार्यहरु सम्पादन हुने गरेको ।

२. नागरिक/सेवाग्राहीहरुले भोगेका जातीय छुवाछूत, विभेद, हिंसा तथा घटनाको गाम्भीर्यता अनुसार आयोगले नेपाल सरकार गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालय, महान्यायधिवक्ताको कार्यालय, जिल्ला प्रशासन कार्यालयसँग राष्ट्रिय दलित आयोग ऐन, २०७४ तथा अन्य प्रचलित ऐन अनुसार समन्वय गरी सेवाग्राहीलाई तीन कार्य दिनभित्र न्यायका लागि पहल गर्ने ।

छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी

१. आयोगको निर्देशन, आदेश र निर्णय बमोजिम अधिकार प्रवर्द्धन तथा सशक्तिकरण शाखाबाट उठान भई उपसचिवस्तरबाट पेश भई सचिवस्तरबाट निर्णय ।

२. राष्ट्रिय दलित आयोग ऐन, २०७४निजामती सेवा ऐन, २०४९ तथा निमायवली, २०५०, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वय ऐन, २०७६ तथा नियमावली, २०७७, सार्वजनिक खरिद ऐन, २०६३ तथा निमायवली, २०६४, राष्ट्रिय दलित आयोग ऐन, २०७४, सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम नागरिकमुखी सेवा, आन्तरिक सेवा, वित्तीय प्रक्रिया, खरिद प्रक्रिया, कर्मचारी प्रशासन, सिफारिस, भुक्तानी, नवीकरण लगायतका प्रक्रियाहरु अपनाइएको छ ।

३. जातीय छुवाछुत तथा विभेदका घटनाका उजुरी सम्बन्धमा आयोगबाट निर्णय पश्चात अधिकार प्रवर्द्धन शाखाबाट उठान भई उपसचिव मार्फत पेश भई सचिवबाट स्वीकृत हुने गरेको।

४. सामान्य प्रक्रिया बढीमा तीन तह भित्र बाटै टुंगिने ।

ज) निर्णयउपर उजुरी सुन्ने अधिकारी

- सचिव
- सचिवको हकमा माननीय अध्यक्ष

झ)सम्पादन गरेको कामको विवरणः

१. आयोगका माननीय अध्यक्ष तथा सदस्यहरुबाट सम्पादन भएका कार्यहरु :

- दलित समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकरण गर्न नेपाल सरकारलाई सिफारिस गरी नेपाल सरकारबाट स्वीकृत भइ मिति २०८३/०६/०८ गतेको नेपाल राजपत्रमा प्रकाशित ।
- मिति २०८३/०६/२१ मा आयोगको आ.व. २०८२/०८३ को छैठौं वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष पेश भएको।
- मिति २०८३/०४/१५ देखि मिति २०८३/०४/२१ सम्म लुम्बिनी प्रदेशका रुपन्देही, कपिलवस्तु र दाङ जिल्लाहरुको अध्ययन, अनुगमन तथा अवलोकन भएको।
- दलितको अधिकार तथा विकास सम्बन्धी ऐन, २०८३ को मस्यौदा निर्माण सम्बन्धी कार्य भएको।

२. प्रशासन योजना तथा अनुगमन शाखाबाट सम्पादन भएका कार्यहरुको विवरण :

राष्ट्रिय दलित ... २०७५

- आयोगका कर्मचारी प्रशासन र सामान्य प्रशासन सम्बन्धी दैनिक कार्यहरु सम्पादन ।
- आयोगको जनशक्ति योजना र व्यवस्थापन सम्बन्धी कार्य सम्पादन।
- आयोगका लागि आवश्यक परेका सामग्रीहरुको आपूर्ति तथा व्यवस्थापन सम्बन्धी कार्य।
- जनसम्पर्क, सोधपुछ, गुनासो व्यवस्थापन र दर्ता चलानी सम्बन्धी कार्य ।
- कर्मचारीहरुको कार्यसम्पादन मुल्यांकन सम्बन्धी कार्य ।

३. **अधिकार प्रवर्द्धन तथा सशक्तिकरण शाखाबाट सम्पादन भएका कार्यहरुको विवरण :**

- दलित समुदायको जात/थर सूचिकरण सम्बन्धी आयोगमा प्राप्त निवेदनहरुको सम्बन्धमा आयोगबाट भएका निर्णयहरुको कार्यान्वयन सम्बन्धी कार्य,
- दलित अधिकार तथा विकास सम्बन्धी ऐन, २०८३ को मस्यौदा निर्माण सम्बन्धी कार्य ।
- आ.व. २०८२/०८३ को प्रतिवेदन निर्माण सम्बन्धी कार्य ।
- जातीय विभेदका घटनाका सम्बन्धमा आयोगमा दर्ता भएका २५ वटा निवेदन/उजुरी तथा विभिन्न सन्चार माध्यममा प्रकाशित जातीय विभेदसँग सम्बन्धित घटनाको सम्बन्धमा कानूनी कारबाहीका लागि सम्बन्धित निकायमा पत्राचार ।

ञ) आयोगको सचिव र सूचना अधिकारीको नाम, थर र पद :

१. सचिवः श्री चिरञ्जिवी पौडेल

२. सूचना अधिकारीः शाखा अधिकृत श्री समीक्षा शर्मा

ट) ऐन, नियम, नीति, निर्देशिका, कार्यविधि, मापदण्डहरुको सूची :

१. ऐनहरुको सूची :

- राष्ट्रिय दलित आयोग ऐन, २०७४
- जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८

२. नियमावलीहरुको सूची :

- जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) नियमावली, २०७४

३. नीतिहरुको सूची : (संवैधानिक आयोगका रुपमा स्थापना हुनुपूर्व जारी)

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७१
- मानव संसाधन विकास नीति, कार्यनीति र कृयाकलाप, २०७०

४. निर्देशिकाहरुको सूची :

- राष्ट्रिय दलित आयोगको आचारसंहिता, २०७८
- राष्ट्रिय दलित आयोगको आन्तरिक व्यवस्थापन निर्देशिका, २०७८

- राष्ट्रिय दलित आयोगको उजुरी (व्यवस्थापन) निर्देशिका, २०७८
- राष्ट्रिय दलित आयोगको अनुगमन निर्देशिका, २०७८

५. कार्यविधिहरुको सूची :

- जातीय भेदभाव र छुवाछूत अन्त्य तथा दलित अधिकार प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७३ (प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जारी)
- राष्ट्रिय दलित आयोगको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७८

६. मापदण्डहरुको सूची :

- विज्ञ/विशेषज्ञ सूचिकरण (रोष्टर) सम्बन्धी मापदण्ड, २०७८

ठ) आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

मिति २०८३ कार्त्तिक ११ गते, बुधवार।

राष्ट्रिय दलित आयोग

राष्ट्रिय दलित आयोग

कार्यालय कोड नं : २२४००३४०१

खर्चको फाँटवारी

बजेट उपशीर्षक नम्बर: २२४०००११३

आयोजना/कार्यक्रम नाम: राष्ट्रिय दलित आयोग

आर्थिक वर्ष: २०८३/८४

महिना: असोज

खर्च/वित्तीय संकेत नम्बर / नाम	प्राथमिक तह: स्रोत व्यहोर्ने निकाय	प्राथमिक तह: भुक्तानी विधि	द्वितीय तह: स्रोत व्यहोर्ने निकाय	द्वितीय तह: भुक्तानी विधि	अन्तिम बजेट	यस महिना सम्मको निकासा	गत महिना सम्मको खर्च	यस महिनाको खर्च	यस महिना सम्मको खर्च	पेस्की	पेस्की बाहेक खर्च रकम	बाँकी बजेट
21111 पारिश्रमिक कर्मचारी					५,८००,०००.००	२,०१९,१८९.३०	१,०२५,२७१.७०	९९३,९१७.६०	२,०१९,१८९.३०	०.००	२,०१९,१८९.३०	३,७८०,८१०.७०
	1100001-नेपाल सरकार	01-नगद			५,८००,०००.००	२,०१९,१८९.३०	१,०२५,२७१.७०	९९३,९१७.६०	२,०१९,१८९.३०	०.००	२,०१९,१८९.३०	३,७८०,८१०.७०
21121 पोशाक					१००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	१००,०००.००
	1100001-नेपाल सरकार	01-नगद			१००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	१००,०००.००
21132 महंगी भत्ता					५००,०००.००	१२७,३३३.००	८५,०००.००	४२,३३३.००	१२७,३३३.००	०.००	१२७,३३३.००	३७२,६६७.००
	1100001-नेपाल सरकार	01-नगद			५००,०००.००	१२७,३३३.००	८५,०००.००	४२,३३३.००	१२७,३३३.००	०.००	१२७,३३३.००	३७२,६६७.००
21134 कर्मचारीको बैठक भत्ता					१००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	१००,०००.००
	1100001-नेपाल सरकार	01-नगद			१००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	१००,०००.००
21135 कर्मचारी प्रोत्साहन तथा पुरस्कार					२१९,००३.००	११३,८०९.५०	७६,८२१.३०	३६,९८८.२०	११३,८०९.५०	०.००	११३,८०९.५०	१०५,१९३.५०
	1100001-नेपाल सरकार	01-नगद			२१९,००३.००	११३,८०९.५०	७६,८२१.३०	३६,९८८.२०	११३,८०९.५०	०.००	११३,८०९.५०	१०५,१९३.५०
21139 अन्य भत्ता					१००,०००.००	९,०००.००	४,५००.००	४,५००.००	९,०००.००	०.००	९,०००.००	९१,०००.००
	1100001-नेपाल सरकार	01-नगद			१००,०००.००	९,०००.००	४,५००.००	४,५००.००	९,०००.००	०.००	९,०००.००	९१,०००.००
21141 पदाधिकारी बैठक भत्ता					५००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	५००,०००.००
	1100001-नेपाल सरकार	01-नगद			५००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	५००,०००.००
21212 योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च					१००,०००.००	८,१३४.८२	५,६८९.८८	२,४४४.९४	८,१३४.८२	०.००	८,१३४.८२	९१,८६५.१८
	1100001-नेपाल सरकार	01-नगद			१००,०००.००	८,१३४.८२	५,६८९.८८	२,४४४.९४	८,१३४.८२	०.००	८,१३४.८२	९१,८६५.१८
21213 योगदानमा आधारित बीमा कोष खर्च					१००,०००.००	९,५७३.००	६,०००.००	३,५७३.००	९,५७३.००	०.००	९,५७३.००	९०,४२७.००
	1100001-नेपाल सरकार	01-नगद			१००,०००.००	९,५७३.००	६,०००.००	३,५७३.००	९,५७३.००	०.००	९,५७३.००	९०,४२७.००
22111 पानी तथा बिजुली					३००,०००.००	१२,९००.००	०.००	१२,९००.००	१२,९००.००	०.००	१२,९००.००	२८७,१००.००
	1100001-नेपाल सरकार	01-नगद			३००,०००.००	१२,९००.००	०.००	१२,९००.००	१२,९००.००	०.००	१२,९००.००	२८७,१००.००
22112 संचार महसुल					३००,०००.००	१,०००.००	१,०००.००	०.००	१,०००.००	०.००	१,०००.००	२९९,०००.००
	1100001-नेपाल सरकार	01-नगद			३००,०००.००	१,०००.००	१,०००.००	०.००	१,०००.००	०.००	१,०००.००	२९९,०००.००
22212 इन्धन (कार्यालय प्रयोजन)					१,६००,०००.००	१४३,१७२.००	५०,४८५.००	९१,६८७.००	१४३,१७२.००	०.००	१४३,१७२.००	१,४५६,८२८.००
	1100001-नेपाल सरकार	01-नगद			१,६००,०००.००	१४३,१७२.००	५०,४८५.००	९१,६८७.००	१४३,१७२.००	०.००	१४३,१७२.००	१,४५६,८२८.००

खर्च/वित्तीय संकेत नम्बर / नाम	प्राथमिक तह स्रोत व्यहोर्ने निकाय	प्राथमिक तह भुक्तानी विधि	द्वितीय तह स्रोत व्यहोर्ने निकाय	द्वितीय तह भुक्तानी विधि	अन्तिम बजेट	यस महिना सम्मको निकासा	गत महिना सम्मको खर्च	यस महिनाको खर्च	यस महिना सम्मको खर्च	पेस्की	पेस्की बाहेक खर्च रकम	बाँकी बजेट
22213 सवारी साधन मर्मत खर्च					१,५००,०००.००	३५,९५२.००	३,५००.००	३२,४५२.००	३५,९५२.००	०.००	३५,९५२.००	१,४६४,०४८.००
	1100001-नेपाल सरकार	01-नगद			१,५००,०००.००	३५,९५२.००	३,५००.००	३२,४५२.००	३५,९५२.००	०.००	३५,९५२.००	१,४६४,०४८.००
22214 बीमा तथा नवीकरण खर्च					४००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	४००,०००.००
	1100001-नेपाल सरकार	01-नगद			४००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	४००,०००.००
22221 मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च					३००,०००.००	५०,६००.००	३२,१००.००	१८,५००.००	५०,६००.००	०.००	५०,६००.००	२४९,४००.००
	1100001-नेपाल सरकार	01-नगद			३००,०००.००	५०,६००.००	३२,१००.००	१८,५००.००	५०,६००.००	०.००	५०,६००.००	२४९,४००.००
22291 अन्य सम्पत्तिहरुको संचालन तथा सम्भार खर्च					१००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	१००,०००.००
	1100001-नेपाल सरकार	01-नगद			१००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	१००,०००.००
22311 मसलन्द तथा कार्यालय सामाग्री					१,३००,०००.००	५१,९३८.००	४३,०३४.००	८,९०४.००	५१,९३८.००	०.००	५१,९३८.००	१,२४८,०६२.००
	1100001-नेपाल सरकार	01-नगद			१,३००,०००.००	५१,९३८.००	४३,०३४.००	८,९०४.००	५१,९३८.००	०.००	५१,९३८.००	१,२४८,०६२.००
22313 पुस्तक तथा सामग्री खर्च					१००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	१००,०००.००
	1100001-नेपाल सरकार	01-नगद			१००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	१००,०००.००
22314 इन्धन - अन्य प्रयोजन					१००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	१००,०००.००
	1100001-नेपाल सरकार	01-नगद			१००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	१००,०००.००
22315 पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च					३००,०००.००	१६,२७२.००	१६,२७२.००	०.००	१६,२७२.००	०.००	१६,२७२.००	२८३,७२८.००
	1100001-नेपाल सरकार	01-नगद			३००,०००.००	१६,२७२.००	१६,२७२.००	०.००	१६,२७२.००	०.००	१६,२७२.००	२८३,७२८.००
22411 सेवा र परामर्श खर्च					१००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	१००,०००.००
	1100001-नेपाल सरकार	01-नगद			१००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	१००,०००.००
22413 करार सेवा शुल्क					६,९००,०००.००	१,८२५,८५५.००	९०६,०९३.००	९१९,७६२.००	१,८२५,८५५.००	०.००	१,८२५,८५५.००	५,०७४,१४५.००
	1100001-नेपाल सरकार	01-नगद			६,९००,०००.००	१,८२५,८५५.००	९०६,०९३.००	९१९,७६२.००	१,८२५,८५५.००	०.००	१,८२५,८५५.००	५,०७४,१४५.००
22522 कार्यक्रम खर्च					२,४००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	२,४००,०००.००
	1100001-नेपाल सरकार	01-नगद			२,४००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	२,४००,०००.००
22611 अनुगमन, मूल्यांकन खर्च					१,२००,०००.००	९५,७९०.००	९५,७९०.००	०.००	९५,७९०.००	०.००	९५,७९०.००	१,१०४,२१०.००
	1100001-नेपाल सरकार	01-नगद			१,२००,०००.००	९५,७९०.००	९५,७९०.००	०.००	९५,७९०.००	०.००	९५,७९०.००	१,१०४,२१०.००
22612 भ्रमण खर्च					५००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	५००,०००.००
	1100001-नेपाल सरकार	01-नगद			५००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	५००,०००.००
22711 विविध खर्च					८००,०००.००	१७३,४८८.००	७५,१४६.००	९८,३४२.००	१७३,४८८.००	४५,०००.००	१२८,४८८.००	६२६,५१२.००
	1100001-नेपाल सरकार	01-नगद			८००,०००.००	१७३,४८८.००	७५,१४६.००	९८,३४२.००	१७३,४८८.००	४५,०००.००	१२८,४८८.००	६२६,५१२.००
28142 घर भाडा					४,१००,०००.००	०.००	०.००	९३०,६९१.००	९३०,६९१.००	०.००	९३०,६९१.००	३,१६९,३०९.००
	1100001-नेपाल सरकार	01-नगद			४,१००,०००.००	०.००	०.००	९३०,६९१.००	९३०,६९१.००	०.००	९३०,६९१.००	३,१६९,३०९.००
28149 अन्य भाडा					२००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	२००,०००.००
	1100001-नेपाल सरकार	01-नगद			२००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	२००,०००.००

जम्मा	३०,०१९,००३.००	४,६९३,००६.६२	२,४२६,७०२.८८	३,१९६,९९४.७४	५,६२३,६९७.६२	४५,०००.००	५,५७८,६९७.६२	२४,३९५,३०५.३८
स्रोतगत जम्मा								
1100001-नेपाल सरकार	३०,०१९,००३.००	४,६९३,००६.६२	२,४२६,७०२.८८	३,१९६,९९४.७४	५,६२३,६९७.६२	४५,०००.००	५,५७८,६९७.६२	२४,३९५,३०५.३८
01-नगद	३०,०१९,००३.००	४,६९३,००६.६२	२,४२६,७०२.८८	३,१९६,९९४.७४	५,६२३,६९७.६२	४५,०००.००	५,५७८,६९७.६२	२४,३९५,३०५.३८
जम्मा	३०,०१९,००३.००	४,६९३,००६.६२	२,४२६,७०२.८८	३,१९६,९९४.७४	५,६२३,६९७.६२	४५,०००.००	५,५७८,६९७.६२	२४,३९५,३०५.३८
अन्तिम बजेटको तुलना (%)	१८.७३४५							

तयार गर्ने : ....
नामः
पद :
मिति :

पेस गर्ने : ....
नामः
पद :
मिति :

प्रमाणित गर्नेः ....
नाम :
पदः
मिति :

राष्ट्रिय दलित आयोग

राष्ट्रिय दलित आयोग
कार्यालय कोड नं : २२४००३४०१

खर्चको फाँटवारी

बजेट उपशीर्षक नम्बर: २२४०००१३
आयोजना/कार्यक्रम नाम: राष्ट्रिय दलित आयोग

आर्थिक वर्ष: २०८३/८४
महिना: असोज

खर्च/वित्तीय संकेत नम्बर / नाम	प्राथमिक तह		द्वितीय तह		अन्तिम बजेट	यस महिना सम्मको निकासा	गत महिना सम्मको खर्च	यस महिनाको खर्च	यस महिना सम्मको खर्च	पेस्की	पेस्की बाहेक खर्च रकम	बाँकी बजेट
	स्रोत व्यहोर्ने निकाय	भुक्तानी विधि	स्रोत व्यहोर्ने निकाय	भुक्तानी विधि								
21112 पारिश्रमिक पदाधिकारी					५,७००,०००.००	१,५०४,२४७.५०	७६९,६१५.००	७३४,६३२.५०	१,५०४,२४७.५०	०.००	१,५०४,२४७.५०	४,१९५,७५२.५०
	1100001-नेपाल सरकार	01-नगद			५,७००,०००.००	१,५०४,२४७.५०	७६९,६१५.००	७३४,६३२.५०	१,५०४,२४७.५०	०.००	१,५०४,२४७.५०	४,१९५,७५२.५०
21142 पदाधिकारी अन्य सुविधा					१,२००,०००.००	१७९,४००.००	११९,६००.००	५९,८००.००	१७९,४००.००	०.००	१७९,४००.००	१,०२०,६००.००
	1100001-नेपाल सरकार	01-नगद			१,२००,०००.००	१७९,४००.००	११९,६००.००	५९,८००.००	१७९,४००.००	०.००	१७९,४००.००	१,०२०,६००.००
21149 पदाधिकारी अन्य भत्ता					३००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	३००,०००.००
	1100001-नेपाल सरकार	01-नगद			३००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	३००,०००.००
22211 इन्धन (पदाधिकारी)					१,३००,०००.००	२७०,०००.००	१८०,०००.००	९०,०००.००	२७०,०००.००	०.००	२७०,०००.००	१,०३०,०००.००
	1100001-नेपाल सरकार	01-नगद			१,३००,०००.००	२७०,०००.००	१८०,०००.००	९०,०००.००	२७०,०००.००	०.००	२७०,०००.००	१,०३०,०००.००
	जम्मा				८,५००,०००.००	१,९५३,६४७.५०	१,०६९,२१५.००	८८४,४३२.५०	१,९५३,६४७.५०	०.००	१,९५३,६४७.५०	६,५४६,३५२.५०

स्रोतगत जम्मा

1100001-नेपाल सरकार		८,५००,०००.००	१,९५३,६४७.५०	१,०६९,२१५.००	८८४,४३२.५०	१,९५३,६४७.५०	०.००	१,९५३,६४७.५०	६,५४६,३५२.५०
	01-नगद	८,५००,०००.००	१,९५३,६४७.५०	१,०६९,२१५.००	८८४,४३२.५०	१,९५३,६४७.५०	०.००	१,९५३,६४७.५०	६,५४६,३५२.५०
जम्मा		८,५००,०००.००	१,९५३,६४७.५०	१,०६९,२१५.००	८८४,४३२.५०	१,९५३,६४७.५०	०.००	१,९५३,६४७.५०	६,५४६,३५२.५०
अन्तिम बजेटको तुलना (%)		२२.९८४							